**वाग्मती सरसफाई अभियान र फोहोरमैला व्यवस्थापन सम्बन्धि छलफल कार्यक्रम**

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,**

**सिंहदरबार , काठमाण्डौ**

**१२ श्रावण, २०७३**



ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सभ्यताको प्रतीक बागमती नदिको सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा सम्बद्ध सरोकारवालाबीच छलफलकार्यक्रम **श्रावण १२ गते** बुधबार सम्पन्न भयो । उक्त कार्यक्रममा माननीय संघीय मामिला तथा स्थानीय विकास राज्य मन्त्री श्री कुन्ती कुमारी शाही, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. सुमित्रा अमात्य, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका नि.सचिव श्री पूर्णचन्द्र भट्टराई, पुर्व मुख्य सचिव श्री लिलामणि पौडेल लगायत गृह मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, कृषि विकास मन्त्रालयका उच्चस्तरीय पदाधिकारी, वातावरण विभागका महानिर्देशक , फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रका कार्यकारी निर्देशक, उपत्यकाका नगरपालिकाका कार्यकारी अधिकृत तथा फोहोरमैला व्यवस्थापन विषय हेर्ने शाखा प्रमुख, महानगरीय प्रहरी र ससस्त्र प्रहरीका प्रतिनिधि, बागमती सफाई अभियन्ताहरु लगायतका ७० जनाको उपस्थिति रहेको थियो ।



संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव श्री गोपीकृष्ण खनालले मन्त्रालयबाट फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि भएका नीतिगत निर्णय तथा स्थानीय निकायलाई भएका निर्देशनका बारेमा जानकारी गराई छलफल कार्यक्रम लाई अगाडी बढाउनु भयो । बागमती सरसफाई अभियन्ता डा. राजु अधिकारीले बागमती सरसफाई कार्यक्रम जेठ ५, २०७० पश्चात

बागमती नदिमा आएको परिवर्तनलाई झल्काउने तस्विर सहितको प्रस्तुतीकरण गरी उपस्थित सम्पूर्ण सहभागीलाई सरसफाई कार्यमा व्यक्ति तथा संलग्न संस्थाको तर्फ बाट सहयोग गर्न उत्प्रेरित गर्नु भयो ।माननीय राज्य मन्त्री श्री कुन्ती कुमारी शाहीले फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि श्रोतको सहि प्रयोग गर्ने कुरालाई जोड दिदै जन चेतना व्यापक रुपमा जगाउनु पर्ने कुरा व्यक्त गर्नु भयो । त्यसै गरी माननीय राष्ट्रिय योजना आयोगका सदस्य डा. सुमित्रा अमात्यले फोहोरमैला व्यवस्थापनका लागि मिहिनेत ( Hard Work)ले मात्र नभएर अब बिबेकी कार्य (Smart Work ) गर्नु पर्ने साथै पुरस्कार र दण्ड ('Carrot' र 'Stick') संगसंगै लगी फोहोरमैला व्यवस्थापन बताउनुभयो।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका नि.सचिव श्री पूर्णचन्द्र भट्टराईले स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले स्थानीय निकायलाई फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन तथा स्वच्छता कायम गर्ने सम्बन्धमा सुम्पेको जिम्मेवारी, कर्तब्य तथा दायित्व प्रति सजग रही कार्य सम्पादन गर्न सबै स्थानीय निकायहरु जिम्मेवार हुनु पर्ने कुरा ब्यक्त गर्नु भयो । त्यसै गरी पुर्व मुख्य सचिव तथा बागमती सफाई अभियन्ता श्री लिलामणि पौडेलले बागमती सफाई अभियान स्वयम् सेवकबाट १६८ हप्तासम्म निरन्तर चलिरहेको उल्लेख गर्दै फोहोर व्यवस्थापनका लागि फोहोरलाई श्रोतमै नियन्त्रण गर्नुपर्ने, नदीमा ढल मिसाउन बन्द गर्नुपर्ने, फोहोर निश्चित तोकिएको स्थानमा मात्र फाल्नुपर्ने, कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै नियमित रुपमा उठाउन लगाउने, समुदायको सक्रियतामा फोहोर व्यवस्थापन गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो ।

छलफल कार्यक्रममा उठेका प्रश्न तथा जिज्ञासाहरुलाई सम्बन्धित पदाधिकारीले संबोधन गर्नु भएको थियो । साथै सम्बन्धित नगरपालिकाका कार्यकारी अधिकृतहरुले आ-आफ्नो स्थानबाट सक्रिय रुपमा कार्य गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । छलफल कर्यक्रमले वाग्मती सरसफाई अभियान र फोहोरमैला व्यवस्थापन मा संलग्न सम्वद्ध सरोकारवालावीच साझा अवधारणा बनाई आगामी दिनमा काठमाण्डौ उपत्यका लगायत देशभर फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी रुपमा अघि बढाउन मद्दत गर्ने देखिन्छ ।

**<u>निर्णयहरु:</u>**

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले स्थानीय निकायलाई फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन तथा स्वच्छता कायम गर्ने सम्बन्धमा सुम्पेको जिम्मेवारी, कर्तब्य तथा दायित्व प्रति सजग रही कार्य सम्पादन गर्न सबै स्थानीय निकायलाई निर्देशन दिने,

२. सार्वजनिक सडकको दाँया-बाँया, नदि किनार तथा सार्वजनिक स्थलका साथै व्यक्तिगत घर कम्पाउण्डमा समेत सम्बन्धित जिल्ला वन तथा भू-संरक्षण कार्यालय, जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यलय लगायत सम्बन्धित संघ संस्थाहरुसंग समन्वय गरी वृक्षारोपण कार्यलाई तिब्रता दिने र सार्वजनिक स्थलको बिरुवा

संरक्षणको जिम्मेवारी टोल समुदायलाई नै दिने गरी टोल विकास संस्था/टोल सुधार समिति गठन गर्ने वा गठन भै सकेको भए क्रियाशील बनाउन सबै नगरपालिकालाई निर्देशन दिने,

३. सरसफाई तथा स्वच्छता प्रवर्धन, वातावरण संरक्षण, जलवायु अनुकुलन तथा विपद जोखिम न्यूनीकरणका कार्यमा सबै सक्रिय सहभागी गराउने गरी नेपाल सरकारले स्वीकृत गरेको वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० को देशैभर प्रभावकारी रुपमा कार्यन्वयन गर्न निर्देशन दिने,

४. सरसफाई तथा वातावरण संरक्षण सम्बन्धमा सरोकारवालासंग समन्वय गरी वार्षिक कार्ययोजना बनाई अघि बढ्न सबै नगरपालिका तथा जिल्ला विकास समितिको  कार्यालय मार्फत् गाउँ विकास समितिलाई  निर्देशन दिने,

५. जथाभावी फोहोर गर्नेलाई टोल समुदाय समेतको संलग्नता/सहयोगमा अनुगमन गरी दण्डित गर्ने कार्य निरन्तर रुपमा संचालन गर्न सबै नगरपालिका निर्देशन दिने,

६. फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रबाट मन्त्रालयको समन्वय तथा सहजीकरणमा काठमाण्डौ उपत्यकाका २२ वटै नगरपालिकाका फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित शाखा प्रमुखलाई प्रभावकारी कार्ययोजना बनाउने गरी अन्तरक्रिया/तालिम कार्यक्रम आयोजना  गर्न लेखि पठाउने ।

७. उपत्यका भित्रका नगरपालिकाहरुले वाग्मती, विष्णुमति, हनुमन्ते, मनहरा लगायत नदीहरुको सरसफाई प्रभावकारी बनाउन आवश्यक सहयोगका लागि नागरिक समाजमूलक संघसंस्था, स्थानीय क्लव तथा समुदाय, वडा नागरिक मंच र टोल विकास समितिहरुको समन्वयात्मक बैठक आयोजना गरी बढी भन्दा बढी जान समुदाय परिचालनको वातावरण सृजना गर्ने ।